








तयार गर्नेः
मालिकार्जुन गाउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद विकास शाखा
शंकरपुर, दार्चुला

## कार्यकारी सारांशः

मालिकार्जुन गाउँपालिकाको शैक्षिक सुधार र गुणस्तरीय शिक्षाका लागि विद्यालय, तह तथा कक्षा समायोजन र दरबन्दी मिलान लगायतका कार्य सम्पन्न भएको छन् । यस कार्यमा बिशेष सहयोग गर्नुहुने मालिकार्जुन गाउँपालिका अन्तर्गतका सबै राजनीतिक दल, सम्पूर्ण शिक्षक ट्रेडयुनियनका प्रतिनिधिहरू, पेशागत महासंघका प्रतिनिधिहरू, ४४ वटै सामुदायिक विद्यालय व्यस्थापन समितिका अध्यक्षज्यूहरू, सम्पूर्ण प्रधानाध्यापक एवं शिक्षक शिक्षिकाज्यूहरू, बुद्धिजीवी समाजसेवी लगायत शिक्षाप्रेमि, सामाजिक विकास कार्यालय, शिक्षा विकास समन्वय एकाइ, पालिका स्तरीय दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्यदलका सदस्यहरू, गाउँ शिक्षा समिति, ८ वटै वडाका वडा अध्यक्षज्यूहरू, गाउँकार्यपालिका सदस्यज्यूहरु साथै यस विषयमा राय, सल्लाह र सुझाव, प्रेरणा एवं हौसला प्रदान गर्नुहुने आम मालिकार्जुनबासी आमाबुवा, दिदिबहिनी दाजुभाइ सबैमा यस मालिकार्जुन गाउँपालिकाको दिगो विकास र समृद्धिको आधार निर्माण गर्ने, शैक्षिक अभियानमा अतुलनीय सहयोग गर्नुहुने सबैमा मालिकार्जुन गाउँपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ ।

नेपालको संविधान, २०७२ को अनुसूची-८ को क्रम संख्या ८ मा आधारभूत तह र माध्यमिक शिक्षा स्थानीय तहमा दिएको संवैधानिक जिम्मेवारी पूरा गर्नु स्थानीय तहको दायित्त्व एवं कर्तव्य बोध गरी यस मालिकार्जुन गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को खण्ड (११), (१२) मा भएको कानूनी प्रावधान, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी भएको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि-२०७६ तथा मालिकार्जुन गाउँपालिकाको दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि-२०७९ संघीय ऐन कानून, विभागीय निर्देशनका साथै मालिकार्जुन गाउँपालिकाको शिक्षा ऐन, नियमावली, कार्यविधि र गाउँकार्यपालिका निर्णयहरूका आधारमा मालिकार्जुन गाउँपालिकाभित्र रहेका झण्डै १९१ शिक्षकहरूको दरबन्दी मिलान, पालिकाभित्रै स्थानान्तरण, मापदण्डमा आधारित विद्यालय स्वीकृत र समायोजन गर्ने काम सम्पन्न भएको छ ।

दरबन्दी मिलानको सन्दर्भमा सरोकारवालाहरू झण्डै सबैको सहभागितामा समीक्षा, अन्तर्क्रिया एवं साझा प्रतिवद्धता सहितको निर्णय, दरबन्दी मिलान तथा विद्यालय समायोजनका लागि गाउँकार्यपालिकाबाट भएको निर्णय र दरबन्दी मिलान तथा पुनर्वितरण कार्यदललाई समग्र भूगोल र विद्यार्थी संख्या एकिन गरी प्रतिवेदन पेश गर्न गाउँकार्यपालिकाले दिएको निर्देशन बमोजिम निर्धारित समयमा नै कार्यदले कार्य सम्पन्न प्रतिवेदन गाउँ शिक्षा समितिमा पेस गरेको थियो । गाउँ शिक्षा समितिमा पेस गरिएको प्रतिवेदन माथि आवश्यक सुझाव सहित गाउँकार्यपालिकामा अनुमोदनका लागि पेश गरिएको थियो । गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र दरबन्दी मिलान तथा समायोजन समितिको सयुक्त बैठकबाट सर्वसम्मत निर्णय भई २०८० बैशाख २८ गते भित्र सम्पूर्ण विद्यालयमै गएर पालिका टिमले पत्र हस्तान्तरण गर्ने कार्य सम्पन्न गरिसकेको छ । २०८० जेठ १ गतेदेखि सबै विद्यालयहरूमा नयाँ जोश, जागर, उत्साह एवं शैक्षिक जिम्मेवारी सहित विद्यालयमा पाल्नुहुने शिक्षकहरुको स्वागत सहित हौसला प्रदान गर्नहुन सबै मालिकार्जुन बासीहरूमा हार्दिक अपिल गर्दछौं । साथै दरबन्दी मिलान तथा समायोजनका लागि गठित प्राविधिक कार्यदलले पेश गरेको प्रतिवेदनलाई गाउँ शिक्षा समिति हुदै कार्यपालिकाबाट देहाय बमोजिमका आधारमा रहेर निर्णय गर्ने काम सम्पन्न भएको छ ।

१. मापदण्ड अनुसार विद्यार्थी अनुपात र भौगोलिक नक्साङ्कनलाई विशेष ख्याल गरिएको छ।
२. कुनै विद्यालयमा विद्यार्थी संख्या बढी हुने र शिक्षक कम हुने अवस्था थियो भने कुनै कुनै विद्यालयमा शिक्षक बढी हुने विद्यार्थी संख्या कम भएर शिक्षक थन्किएर रहेको अवस्था व्यवस्थापन गरिएको छ।
३. हरेक विद्यालय र विद्यार्थीले दक्ष तथा विषयगत शिक्षकबाट सर्वशुलभ र गुणस्तरीय शिक्षा प्राप्त गर्ने मौलिक हकको सुनिश्चितता भएको ( जस्तै केही विद्यालयमा एउटै विषयका २/२ जना शिक्षक थन्किएर रहनु कसैले एउटै शिक्षक नपाएर विभेदकारी व्यवहारको अन्त भएको ) भएको छ।
४. यसरी थन्किएर बसेको शिक्षक जनशक्ति न्यायोचित र सान्दर्भिक वितरणले राज्यको झण्डै आधा व्यय भार कम हुने ( मालिकार्जुन गाउँ पालिकामा वार्षिकरूपमा झण्डै पौने तीन करोड जति शिक्षक कर्मचारीमा खर्च भइरहेको सन्दर्भमा यस दरबन्दी मिलानबाट निम्ममाध्यकि तथा माध्यमिक तहमा विषयगत दक्ष शिक्षक व्यवस्थापन गरेर पनि हालको विकास बजेटमा आदा घटाएर, विद्यालय ११ वटा अंग्रेजी माध्यमका विद्यालय, र थुप्रै शैक्षिक सामाग्री र केही भौतिक पूर्वाधारमा लगानी गर्न सकिने) देखिन्छ।
५. लामोसमय देखि प्रस्तावित अवस्थामा संचालित विद्यालयहरूलाई एक तह माथिको स्वीकृति दरन्दी वितरण गरिएको छ। जसबाट तत् तत् विद्यालयहरुमा प्रशासनिक काम काज गर्न सहज हुने र त्यसले समग्र शिक्षाको गुणस्तर अभिवृद्धि हुने आशा राखिएको छ।
६. अत्यन्त न्यून विद्यार्थी संख्या भएका मापदण्ड अनुसार विद्यार्थी अपुग भएका विद्यालयहरूलाई तह/कक्षा घटाउनुका साथै केही विद्यालयहरू नजिकको विद्यालयमा समायोजन भएका छन्।
७. त्यस्तै अंग्रजी माध्यमबाट पठनपाठन सञ्चालन गर्ने विद्यालयहरुलाई वार्षिक प्रति विद्यालय क्रमश शिशु कक्षादेखि माथिल्लो कक्षा व्यवस्थापन लगायतका क्षेत्रमा खर्च गर्ने गरी अनुदान दिने कार्यपालिकाले निर्णय गरेको छ।
८. शिक्षक स्थानान्तरणका सम्वन्धमा एउटै विद्यालयमा लामो समयसम्म काम गरिरहदा कार्य सम्पादनमा जति उपलब्धि हुनु पर्ने हो, सो हुन नसक्ने विश्लेषण तथा शिक्षा नियमावलीलाई मध्यनजर गर्दै स्वेच्छिक रूपमा सम्पूर्ण शिक्षकहरूलाई पालिकाभित्रको घरपाइक विद्यालय छनौट गर्न निवेदन आह्वान गरी सोही अनुसार स्थानान्तरण गर्ने कार्य सम्पन्न भएको छ।

## १. पृष्ठभूमिः

शिक्षाको विकासले मात्र समग्र गाउँपालिकाको सर्वाङ्गीण विकास सम्भव हुन्छ । तसर्थ शिक्षाको विकासका निम्ति शैक्षिक नीति तथा कार्यक्रम, यसमा गरिने लगानी र शैक्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयन अपरिहार्य हुन जान्छ भन्ने भनाइलाई हृदयाङ्गम गरी गुणस्तरीय शिक्षामा मालिकार्जुनबासीको समतामुलक पहुँच सुनिश्चित गरी मालिकार्जुन गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई गुणस्तरीय शैक्षिक हबको रुपमा रुपान्तरण गर्न सबै सामुदायिक विद्यालयहरुमा रहेको शिक्षक र विद्यार्थी संख्याको अनुपात बमोजिम शिक्षक दरबन्दी मिलान तथा सामुदायिक विद्यालयहरु समायोजन गरी गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गरिएको छ ।

## २.औचित्यः

संघीय शिक्षा ऐन, नियम तथा मालिकार्जुन गाउँशिक्षा ऐन, नियमावलीले निर्देश गरेअनुसार हिमाली जिल्लाहरुमा विद्यार्थी शिक्षक अनुपात कायम गर्न तथा न्यून विद्यार्थी संख्या भएका सामुदायिक विद्यालयहरुलाई भौगोलिकातालाई मध्यनजर गर्दै विद्यालय, तह र कक्षा समायोजन गर्नु आवश्यक छ । कुनै विद्यालयमा विद्यार्थी संख्या धेरै हुने तर शिक्षक कम दरबन्दी कम हुने कुनैमा शिक्षक दरबन्दी धेरै हुने तथा विद्यार्थी निकै थोरै हुने अवस्थालाई अन्य गरी विद्यार्थीको आधारमा शिक्षक व्यवस्थापन गरी सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु नितान्त आवश्यक थियो ।

थन्किएर बसेको शिक्षक जनशक्तिलाई न्यायोचित र सान्दर्भिक वितरणले मौजुदा स्थानीय सरकारले शिक्षामा स्वयम सेवक शिक्षण सहजकर्ताको रुपमा विद्यालयमा गरेको लगानीको वार्षिक झण्डै ६० लाख बचत भई सो बजेट निम्नमाध्यमिक तथा माध्यमिक तहमा विषयगत शिक्षक व्यवस्थापन गर्न सकिने देखिन्छ । त्यसका साथै अन्य भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा पनि लगानी गर्न सकिन्छ । निम्नमाध्यमिक तथा माध्यमिक तहका विद्यालयहरुमा २/२ विषयका विषयगत दरबन्दीहरुलाई विद्यार्थी धेरै भएका निम्नमाध्यमिक तथा माध्यमिक तहका विद्यालयहरुमा स्थानान्तरण गरी दरबन्दीहरुको न्यायोचित वितरण गरिएको छ । यसले सबै विद्यार्थीले गुणस्तरीय शिक्षा पाउने कुरा सुनिश्चित गरेको छ । विद्यालय, तह र कक्षा समायोजन गरी पुनर्वितरण सहित दरबन्दी मिलानको कार्य सम्पन्न गरी शिक्षामा गुणस्तर कायम गर्नु जरुरी छ ।

## ३. उद्देश्यः

- ✓ गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयका स्वीकृत शिक्षक दरवन्दीलाई शिक्षक विद्यार्थी अनुपातका आधारमा न्यायोचित विरतण गर्नु ।
- ✓ विद्यार्थी संख्या र भौगोलिकताका आधारमा विद्यालय/तह/कक्षा समायोजन गर्नु ।
- ✓ विद्यार्थी नभएका विद्यालयमा कार्यरत शिक्षकहरुलाई विद्यार्थी धेरै भएका विद्यालयमा स्थानान्तरण गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु ।
- ✓ गुणस्तरीय शिक्षकबाट सम्पूर्ण विद्यार्थीहरुले पठनपाठनको मौका पाउनु ।
- ✓ राज्यको व्ययभार घटाउनु ।

## ४.कार्यक्रम सम्बद्ध प्रत्यक्ष तथा परोक्ष नियमहरुः

मालिकार्जुन गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक दरबन्दी मिलान/स्थानान्तरण र विद्यालय समायोजन गर्दा देहायका विद्यमान कानून, ऐन, नियम, कार्यविधिहरुलाई आधार मानिएको छः

- नेपालको संविधानः
  नेपालको संविधान, २०७२ को अनुसूची-८ मा स्थानीय तहका एकल अधिकार भित्र आधारभूत तथा माध्यमिक शिक्षा राखिएको ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४:
  स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा-११ को उपदफा (२) को खण्ड (ज) मा रहेका स्थानीय तहका २३ वटा अधिकारहरुको सूची मध्ये बुँदा नं. ११ र १२ मा क्रमाश सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान र विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति,समायोजन तथा नियमनको व्यवस्था रहेको ।
- मालिकार्जुन गाउँपालिकाको शिक्षा ऐन, २०७९
- मालिकार्जुन गाउँपालिकाद्वारा प्रकाशित शिक्षा नियमावली, २०७७
- मालिकार्जुन गाउँपालिकाद्वारा प्रकाशित शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७९
- शिक्षा मन्त्रालयवाट जारी भएको शिक्षक दरबन्दी मिलान कार्यविधि, विभिन्न विभागीय निर्देशन ।

## ५. मालिकार्जुन गाउँपालिकाको दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी नीतिः

मालिकार्जुन गाउँपालिकाले आ.व.२०७९/०८० को नीति तथा कार्यक्रममा शिक्षा सम्बन्धी नीतिको बुदा नं. ७ मा "भौगोलिक विकटता, विद्यार्थी संख्या तथा आवश्यकताका आधारमा विद्यालय समायोजन गरिने, कक्षा थप/घट गरिने तथा गाभिएका वा बन्द भएका विद्यालयहरूको सम्पत्ति आवश्यकताको आधारमा अन्य विद्यालयहरूमा समायोजन गरिने छ" भन्ने नीति लिएइको छ ।

## ६. मालिकार्जुन गाउँपालिकाको दरबन्दी मिलान पूर्वको समग्र अवस्थाः

## क. मालिकार्जुन गाउँपालिकाको विद्यालयगत तथा कक्षागत विद्यार्थी विवरण,२०७९

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | विद्यार्थी विवरण कक्षागत | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | |
| १ | श्री दुर्गेश्वरी आ.वि.रेवली | मा.गा.पा. १ | २ | २ | २ | २ | २ | | | | | | | | १० |
| २ | श्री डुङरी आ.वि.डुङरी | मा.गा.पा. १ | ३ | २ | २ | ४ | ४ | | | | | | | | १५ |
| ३ | श्री निलपातालेश्वर मा.वि.भर्तोला | मा.गा.पा. १ | ७ | ९ | १३ | १२ | ११ | १९ | १८ | २५ | १७ | २५ | | | १५६ |
| ४ | श्री रानिस्थान आ.वि.सिराड | मा.गा.पा. २ | ४ | ७ | ५ | ५ | ५ | | | | | | | | २६ |
| ५ | श्री शान्तिनिकेतन आ.वि.कालामाटा | मा.गा.पा. २ | ९ | २ | ४ | | | | | | | | | | १५ |
| ६ | श्री युवावर्ष आ.वि.खुना | मा.गा.पा. २ | ४ | ५ | ४ | २ | ५ | | | | | | | | २० |
| ७ | श्री वसन्तपुर आ.वि.न्वालपानी | मा.गा.पा. २ | १० | ६ | ७ | ६ | ८ | ६ | ५ | ९ | | | | | ५७ |
| ८ | श्री राष्ट्रिय मा.वि.ठिङ | मा.गा.पा. २ | २५ | ८ | ९ | १३ | १० | २४ | १९ | २२ | २७ | २० | ३१ | ३७ | २४५ |
| ९ | श्री सरस्वती मा.वि.सेलिचामा | मा.गा.पा. २ | ११ | १२ | ९ | १६ | ८ | २४ | २३ | २३ | ३१ | २९ | | | १८६ |
| १० | श्री कञ्चन आ.वि.गजाल | मा.गा.पा. ३ | १० | ६ | ५ | | | | | | | | | | २१ |
| ११ | श्री देवपुर आ.वि.खालिडाँडा | मा.गा.पा. ३ | ६ | ८ | ७ | ६ | ९ | | | | | | | | ३६ |
| १२ | श्री लटिनाथ आ.वि.चौड | मा.गा.पा. ३ | ११ | ८ | ७ | ८ | १० | | | | | | | | ४४ |
| १३ | श्री वानेश्वर आ.वि.गाडखोला | मा.गा.पा. ३ | ३ | ४ | ४ | ४ | ४ | | | | | | | | १९ |
| १४ | श्री लटिनाथ आ.वि.बसेडी | मा.गा.पा. ३ | १९ | १२ | ८ | १४ | १८ | १३ | ११ | १५ | | | | | ११० |
| १५ | श्री मालिकार्जुन मा.वि.मड | मा.गा.पा. ३ | १५ | ९ | १४ | २१ | २८ | ५३ | ५४ | ५३ | ६४ | ६२ | ३५ | ४५ | ४५३ |
| १६ | श्री रानिशिखर आ.वि.गोठ्युडी | मा.गा.पा. ४ | ४ | २ | ४ | | | | | | | | | | १० |
| १७ | श्री जनज्योति आ.वि.देवधुरा | मा.गा.पा. ४ | ७ | ५ | ७ | ६ | ७ | | | | | | | | ३२ |
| १८ | श्री वालिचन आ.वि.चडेखान | मा.गा.पा. ४ | ६ | ५ | ६ | ६ | ७ | ८ | ७ | ९ | | | | | ५४ |
| १९ | श्री हुनैनाथ आ.वि.वेलकोट | मा.गा.पा. ४ | ६ | ८ | ८ | ४ | ७ | ७ | ५ | ५ | | | | | ५० |
| २० | श्री हुनैनाथ मा.वि.चन्दनपुर | मा.गा.पा. ४ | १२ | ११ | ८ | १० | ८ | १० | ८ | ८ | २४ | २३ | | | १२२ |
| २१ | श्री खान मा.वि.ऐरिछाना | मा.गा.पा. ४ | ६ | ५ | ७ | ११ | ६ | १८ | १३ | १२ | १४ | १९ | | | १११ |
| २२ | श्री मालिकार्जुन आ.वि.लास | मा.गा.पा. ५ | ७ | ५ | १ | १ | ४ | | | | | | | | १८ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | श्री सैपाल आ.वि.मौवाडी | मा.गा.पा. ५ | ११ | ६ | ७ | ७ | ९ | | | | | | | | ४० |
| २४ | श्री बालिचन आ.वि.मल्तडी | मा.गा.पा. ५ | १९ | १६ | १४ | १२ | १२ | | | | | | | | ७३ |
| २५ | श्री लटिनाथ आ.वि.लिमा | मा.गा.पा. ५ | ७ | २ | २ | ४ | २ | ५ | ६ | ६ | | | | | ३४ |
| २६ | श्री सुनशिखर आ.वि.घोडेढुङ्गा | मा.गा.पा. ५ | ४ | ४ | १ | ३ | ४ | ३ | ५ | ४ | | | | | २८ |
| २७ | श्री कृष्ण मा.वि.डाँडाकोट | मा.गा.पा. ५ | ९ | ७ | ५ | ७ | ८ | २१ | २२ | २१ | ३५ | ३० | ४० | ५२ | २५७ |
| २८ | श्री भुमिराज आ.वि.च्युरानी | मा.गा.पा. ६ | ७ | २ | २ | | | | | | | | | | ११ |
| २९ | श्री हुनैनाथ आ.वि.सलेती | मा.गा.पा. ६ | ८ | ४ | ४ | ६ | ५ | | | | | | | | २७ |
| ३० | श्री गरडा मा.वि. बाँकु | मा.गा.पा. ६ | १० | ७ | ६ | ६ | १२ | १८ | २३ | २० | २३ | २६ | | | १५१ |
| ३१ | श्री सरस्वती मा.वि.उकु | मा.गा.पा. ६ | १७ | २० | ११ | १९ | १६ | २२ | २४ | २३ | ३५ | ३३ | ४० | ३७ | २९७ |
| ३२ | श्री जगदम्बा आ.वि.थलाबन्थला | मा.गा.पा. ६ | ६ | २ | ४ | | | | | | | | | | १२ |
| ३३ | श्री मालिकार्जुन आ.वि.कुचाकोट | मा.गा.पा. ६ | ३ | ४ | ४ | | | | | | | | | | ११ |
| ३४ | श्री उदयदेव आ.वि.खेतार | मा.गा.पा. ७ | ४ | ४ | २ | | | | | | | | | | १० |
| ३५ | श्री केदारनाथ आ.वि.श्रीपुर | मा.गा.पा. ७ | ४ | २ | २ | १ | २ | | | | | | | | ११ |
| ३६ | श्री परोपकार आ.वि.चौकी | मा.गा.पा. ७ | ५ | ३ | १० | ६ | ९ | ७ | ९ | ४ | | | | | ५३ |
| ३७ | श्री डिन्सी मा.वि.डिन्सी | मा.गा.पा. ७ | ५ | ३ | ७ | ९ | ५ | ६ | ११ | ४ | ८ | १४ | | | ७२ |
| ३८ | श्री भगवती आ.वि.साच्चोरी | मा.गा.पा. ८ | ८ | ५ | ४ | | | | | | | | | | १७ |
| ३९ | श्री वालकल्याण आ.वि.थकतोली | मा.गा.पा. ८ | ५ | ५ | ५ | ३ | ६ | | | | | | | | २४ |
| ४० | श्री सोमनाथ आ.वि.चस्कोट | मा.गा.पा. ८ | ३ | ३ | ६ | ३ | ७ | | | | | | | | २२ |
| ४१ | श्री शारदा आ.वि.धामालेक | मा.गा.पा. ८ | १५ | ७ | ५ | ६ | १० | | | | | | | | ४३ |
| ४२ | श्री दिपज्योति आ.वि.रन्चनी | मा.गा.पा. ८ | ६ | ४ | ३ | ५ | ६ | | | | | | | | २४ |
| ४३ | श्री लटिनाथ आ.वि.खोलिचोरा | मा.गा.पा. ८ | १२ | ७ | ८ | ४ | ५ | ७ | १३ | ७ | | | | | ६३ |
| ४४ | श्री शंकरपुर मा.वि. पस्ती | मा.गा.पा. ८ | १३ | ११ | ११ | १५ | १८ | ३८ | ४२ | ४६ | ५० | ५४ | ६६ | ५६ | ४२० |
| **जम्मा** | | | **३६८** | **२६९** | **२६४** | **२६७** | **२९७** | **३०९** | **३१८** | **३१६** | **३२८** | **३३५** | **२१२** | **२२७** | **३५१०** |

**ख.मालिकार्जुन गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको विद्यार्थी तथा शिक्षक विवरण (विद्यार्थी संख्याका आधारमा सानोदेखि ठूलो क्रममा )**

| सि.न. | विद्यालयको नाम | ठेगाना | सञ्चालनमा रहको कक्षा | प्र.अ.को नाम | २०७९ को विद्यार्थी संख्या | शिक्षक संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | राहत /करार | जम्मा |
| १ | श्री दुर्गेश्वरी आ.वि.रेवली | मालिकार्जुन गाउँपालिका-१ | ०-५ | गोपाल सिह धामी | १० | ३ | ० | ३ |
| २ | श्री रानिशिखर आ.वि.गोठ्युडी | मालिकार्जुन गाउँपालिका-४ | ०-३ | राजेन्द्र सिह धामी | १० | १ | ० | १ |
| ३ | श्री उदयदेव आ.वि.खेतार | मालिकार्जुन गाउँपालिका-७ | ०-३ | हिरा चन्द | १० | १ | १ | २ |
| ४ | श्री भुमिराज आ.वि.च्युरानी | मालिकार्जुन गाउँपालिका-६ | १-३ | शंकर गिरी | ११ | २ | ० | २ |
| ५ | श्री मालिकार्जुन आ.वि.कुचाकोट | मालिकार्जुन गाउँपालिका-६ | ०-३ | जगदिश राम पार्की | ११ | ० | २ | २ |
| ६ | श्री केदारनाथ आ.वि.श्रीपुर | मालिकार्जुन गाउँपालिका-७ | १-५ | डिगम्बर जोशी | ११ | २ | ० | २ |
| ७ | श्री जगदम्बा आ.वि.थलाबन्थला | मालिकार्जुन गाउँपालिका-६ | १-३ | नारायणदत्त जोशी | १२ | २ | ० | २ |
| ८ | श्री डुङरी आ.वि.डुङरी | मालिकार्जुन गाउँपालिका-१ | ०-५ | जनक सिंह बोहरा | १५ | २ | ० | २ |
| ९ | श्री शान्तिनिकेतन आ.वि.कालामाटा | मालिकार्जुन गाउँपालिका-२ | १-३ | गोपाल सिह धामी | १५ | ० | ० | ० |
| १० | श्री भगवती आ.वि.साञ्चोरी | मालिकार्जुन गाउँपालिका-८ | ०-३ | झुपा धामी | १७ | ० | २ | २ |
| ११ | श्री मालिकार्जुन आ.वि.लास | मालिकार्जुन गाउँपालिका-५ | ०-५ | हेमन्ती अवस्थी | १८ | २ | २ | ४ |
| १२ | श्री वानेश्वर आ.वि.गाडखोला | मालिकार्जुन गाउँपालिका-३ | ०-५ | रमेश सिह धामी | १९ | ३ | ० | ३ |
| १३ | श्री युवावर्ष आ.वि.खुना | मालिकार्जुन गाउँपालिका-२ | ०-५ | मदन सिंह धामी | २० | २ | ० | २ |
| १४ | श्री कञ्चन आ.वि.गजाल | मालिकार्जुन गाउँपालिका-३ | ०-३ | भुपेन्द्र सिह धामी | २१ | ० | ० | ० |
| १५ | श्री सोमनाथ आ.वि.चस्कोट | मालिकार्जुन गाउँपालिका-८ | ०-५ | मीन बहादुर धानुक | २२ | २ | ० | २ |
| १६ | श्री वालकल्याण आ.वि.थकतोली | मालिकार्जुन गाउँपालिका-८ | ०-५ | हरिदत्त जोशी | २४ | ३ | ० | ३ |
| १७ | श्री दिपज्योति आ.वि.रन्चनी | मालिकार्जुन गाउँपालिका-८ | १-५ | मोतिमा सामन्त | २४ | ० | १ | १ |
| १८ | श्री रानिस्थान आ.वि.सिराड | मालिकार्जुन गाउँपालिका-२ | ०-५ | कल्यान सिह धामी | २६ | ३ | ० | ३ |
| १९ | श्री हुनैनाथ आ.वि.सलेती | मालिकार्जुन गाउँपालिका-६ | १-५ | इन्द्र सिह धामी | २७ | ३ | ० | ३ |
| २० | श्री सुनशिखर आ.वि.घोडेढुङ्गा | मालिकार्जुन गाउँपालिका-५ | ०-८ | टिकेन्द्र बहादुर पाल | २८ | ३ | १ | ४ |
| २१ | श्री जनज्योति आ.वि.देवधुरा | मालिकार्जुन गाउँपालिका-४ | ०-५ | भवान सिह धामी | ३२ | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२ | श्री लटिनाथ आ.वि.लिमा | मालिकार्जुन गाउँपालिका-५ | ०-८ | दामोदर नाथ | ३४ | ३ | १ | ४ |
| २३ | श्री देवपुर आ.वि.खालिडाँडा | मालिकार्जुन गाउँपालिका-३ | ०-५ | प्रेम सिह धामी | ३६ | २ | ० | २ |
| २४ | श्री सैपाल आ.वि.मौवाडी | मालिकार्जुन गाउँपालिका-५ | ०-५ | डम्बर देव पन्त | ४० | २ | १ | ३ |
| २५ | श्री शारदा आ.वि.धामालेक | मालिकार्जुन गाउँपालिका-८ | ०-५ | अम्बादत्त भट्ट | ४३ | ३ | ० | ३ |
| २६ | श्री लटिनाथ आ.वि.चौड | मालिकार्जुन गाउँपालिका-३ | ०-५ | शेर सिह धामी | ४४ | २ | ० | २ |
| २७ | श्री हुनैनाथ आ.वि.वेलकोट | मालिकार्जुन गाउँपालिका-४ | ०-८ | इन्द्र सिह धामी | ५० | ३ | १ | ४ |
| २८ | श्री परोपकार आ.वि.चौकी | मालिकार्जुन गाउँपालिका-७ | ०-८ | धनिराम पार्की | ५३ | २ | २ | ४ |
| २९ | श्री वालिचन आ.वि.चडेखान | मालिकार्जुन गाउँपालिका-४ | ०-८ | राम सिह धामी | ५४ | ३ | १ | ४ |
| ३० | श्री वसन्तपुर आ.वि.न्वालपानी | मालिकार्जुन गाउँपालिका-२ | ०-८ | केशर सिह धामी | ५७ | २ | १ | ३ |
| ३१ | श्री लटिनाथ आ.वि.खोलिचोरा | मालिकार्जुन गाउँपालिका-८ | ०-८ | हर सिह धामी | ६३ | ३ | २ | ५ |
| ३२ | श्री डिन्सी मा.वि.डिन्सी | मालिकार्जुन गाउँपालिका-७ | ०-१० | नारायण चन्द | ७२ | ३ | ३ | ६ |
| ३३ | श्री बालिचन आ.वि.मल्तडी | मालिकार्जुन गाउँपालिका-५ | ०-५ | रामिराम लोहार | ७३ | २ | १ | ३ |
| ३४ | श्री लटिनाथ आ.वि.बसेडी | मालिकार्जुन गाउँपालिका-३ | ०-८ | हर सिह धामी | ११० | ३ | १ | ४ |
| ३५ | श्री खान मा.वि.ऐरिछाना | मालिकार्जुन गाउँपालिका-४ | ०-१० | मदनराज जोशी | १११ | ३ | ३ | ६ |
| ३६ | श्री हुनैनाथ मा.वि.चन्दनपुर | मालिकार्जुन गाउँपालिका-४ | ०-१० | राजेन्द्र सिह धामी | १२२ | ४ | १ | ५ |
| ३७ | श्री गरडा मा.वि. बाँकु | मालिकार्जुन गाउँपालिका-६ | ०-१० | विक्रम राज गिरी | १५१ | ७ | ० | ७ |
| ३८ | श्री निलपातालेश्वर मा.वि.भर्तोला | मालिकार्जुन गाउँपालिका-१ | ०-१० | लाल सिंह चैसिर | १५६ | ५ | ३ | ८ |
| ३९ | श्री सरस्वती मा.वि.सेलिचामा | मालिकार्जुन गाउँपालिका-२ | ०-१० | दान सिंह धामी | १८६ | ५ | १ | ६ |
| ४० | श्री राष्ट्रिय मा.वि.ठिङ | मालिकार्जुन गाउँपालिका-२ | १-१२ | तिलक सिह धामी | २४५ | ५ | ५ | १० |
| ४१ | श्री कृष्ण मा.वि.डाँडाकोट | मालिकार्जुन गाउँपालिका-५ | ०-१२ | श्याम गिरी | २५७ | ९ | ३ | १२ |
| ४२ | श्री सरस्वती मा.वि.उकु | मालिकार्जुन गाउँपालिका-६ | ०-१२ | नारायण राज गिरी | २९७ | १३ | २ | १५ |
| ४३ | श्री शंकरपुर मा.वि. पस्ती | मालिकार्जुन गाउँपालिका-८ | ०-१२ | नव राज जोशी | ४२० | १४ | ३ | १७ |
| ४४ | श्री मालिकार्जुन मा.वि.मड | मालिकार्जुन गाउँपालिका-३ | ०-१२ | दान बहादुर पुलामी | ४५३ | १२ | ३ | १५ |
| **जम्मा** | | | | | **३५१०** | **१४४** | **४७** | **१९१** |

## ग.मालिकार्जुन गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको दरबन्दी विवरण

| सि.न. | विद्यालयको नाम | सञ्चालनमा रहको कक्षा | २०७९ को विद्यार्थी विवरण | शिक्षक दरबन्दी | | | | | | | | | | | | रिक्त/करार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राथमिक तह | | | | निमावि तह | | | | मावि तह | | | | |
| | | | | स्थायी | राहत | गापा | जम्मा | स्थायी | राहत | गापा | जम्मा | स्थायी | राहत | गापा | जम्मा | |
| १ | श्री दुर्गेश्वरी आ.वि.रेवली | ०-५ | १० | ३ | ० | ० | ३ | | | | | | | | ० | |
| २ | श्री डुङरी आ.वि.डुङरी | ०-५ | १५ | २ | ० | १ | ३ | | | | | | | | ० | गापा रिक्त,१करार |
| ३ | श्री निलपातालेश्वर मा.वि.भर्तोला | ०-१० | १५६ | ४ | ० | १ | ५ | १ | २ | २ | ५ | ० | १ | २ | ३ | १अनुदान |
| ४ | श्री रानिस्थान आ.वि.सिराड | ०-५ | २६ | ३ | ० | ० | ३ | | | | | | | | ० | |
| ५ | श्री शान्तिनिकेतन आ.वि.कालामाटा | १-३ | १५ | ० | ० | २ | २ | | | | | | | | ० | |
| ६ | श्री युवावर्ष आ.वि.खुना | ०-५ | २० | २ | ० | ० | २ | | | | | | | | ० | |
| ७ | श्री वसन्तपुर आ.वि.न्वालपानी | ०-८ | ५७ | २ | १ | | ३ | ० | ० | ३ | ३ | | | | ० | १अनुदान |
| ८ | श्री राष्ट्रिय मा.वि.ठिङ | १-१२ | २४५ | ५ | ० | ० | ५ | ० | ३ | ३ | ६ | ० | २ | १ | ३ | गापा रिक्त |
| ९ | श्री सरस्वती मा.वि.सेलिचामा | ०-१० | १८६ | ३ | ० | १ | ४ | २ | १ | २ | ५ | ० | ० | २ | २ | १ गापा अनुदान |
| १० | श्री कञ्चन आ.वि.गजाल | ०-३ | २१ | ० | ० | २ | २ | | ० | ० | ० | | ० | ० | ० | |
| ११ | श्री देवपुर आ.वि.खालिडाँडा | ०-५ | ३६ | २ | ० | १ | ३ | | | | ० | | | | ० | |
| १२ | श्री लटिनाथ आ.वि.चौड | ०-५ | ४४ | २ | ० | १ | ३ | | | | ० | | | | ० | |
| १३ | श्री वानेश्वर आ.वि.गाडखोला | ०-५ | १९ | ३ | ० | ० | ३ | | | | ० | | | | ० | |
| १४ | श्री लटिनाथ आ.वि.बसेडी | ०-८ | ११० | ३ | ० | ० | ३ | ० | १ | ३ | ४ | | | | ० | १ करार |
| १५ | श्री मालिकार्जुन मा.वि.मड | ०-१२ | ४५३ | ५ | ० | ० | ५ | ३ | १ | ० | ४ | ४ | २ | २ | ८ | १ मावि दरबन्दी |
| १६ | श्री रानिशिखर आ.वि.गोठ्युडी | ०-३ | १० | १ | ० | ० | १ | | | | ० | | | | ० | |
| १७ | श्री जनज्योति आ.वि.देवधुरा | ०-५ | ३२ | ० | | | ० | | | | ० | | | | ० | एकमुष्ट |
| १८ | श्री वालिचन आ.वि.चडेखान | ०-८ | ५४ | ३ | १ | ० | ४ | ० | ० | ३ | ३ | | | | ० | |
| १९ | श्री हुनैनाथ आ.वि.वेलकोट | ०-८ | ५० | ३ | १ | ० | ४ | ० | ० | ३ | ३ | | | | ० | |
| २० | श्री हुनैनाथ मा.वि.चन्दनपुर | ०-१० | १२२ | ४ | ० | ० | ४ | ० | १ | ० | १ | ० | ० | ३ | ३ | १ अनुदान |
| २१ | श्री खान मा.वि.ऐरिछाना | ०-१० | १११ | ३ | ० | ० | ३ | ० | २ | २ | ४ | ० | १ | २ | ३ | १ करार र निमा १ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | राहत |
| २२ | श्री मालिकार्जुन आ.वि.लास | ०-५ | १८ | २ | २ | ० | ४ | | | | ० | | | | ० | |
| २३ | श्री सैपाल आ.वि.मौवाडी | ०-५ | ४० | २ | १ | ० | ३ | | | | ० | | | | ० | |
| २४ | श्री बालिचन आ.वि.मल्तडी | ०-५ | ७३ | २ | १ | | ३ | | | | ० | | | | ० | १ करार |
| २५ | श्री लटिनाथ आ.वि.लिमा | ०-८ | ३४ | २ | ० | १ | ३ | १ | १ | ० | २ | | | | ० | |
| २६ | श्री सुनशिखर आ.वि.घोडेढुङ्गा | ०-८ | २८ | ३ | १ | ० | ४ | ० | ० | १ | १ | | | | ० | |
| २७ | श्री कृष्ण मा.वि.डाँडाकोट | ०-१२ | २५७ | ३ | ० | ० | ३ | ३ | ० | ० | ३ | ३ | ३ | | ६ | |
| २८ | श्री भुमिराज आ.वि.च्युरानी | १-३ | ११ | २ | ० | ० | २ | | | | ० | | | | ० | |
| २९ | श्री हुनैनाथ आ.वि.सलेती | १-५ | २७ | ३ | ० | ० | ३ | | | | ० | | | | ० | |
| ३० | श्री गरडा मा.वि. बाँकु | ०-१० | १५१ | ४ | ० | ० | ४ | ३ | ० | १ | ४ | ० | ० | १ | १ | १ अनुदान रक्त |
| ३१ | श्री सरस्वती मा.वि.उकु | ०-१२ | २९७ | ५ | ० | १ | ६ | ४ | ० | ० | ४ | ४ | २ | ० | ६ | १ निमा करार |
| ३२ | श्री जगदम्बा आ.वि.थलाबन्थला | १-३ | १२ | २ | ० | ० | २ | | | | ० | | | | ० | |
| ३३ | श्री मालिकार्जुन आ.वि.कुचाकोट | ०-३ | ११ | ० | २ | ० | २ | | | | ० | | | | ० | |
| ३४ | श्री उदयदेव आ.वि.खेतार | ०-३ | १० | १ | १ | ० | २ | | | | ० | | | | ० | |
| ३५ | श्री केदारनाथ आ.वि.श्रीपुर | १-५ | ११ | २ | ० | ० | २ | | | | ० | | | | ० | |
| ३६ | श्री परोपकार आ.वि.चौकी | ०-८ | ५३ | २ | २ | ० | ४ | ० | ० | ३ | ३ | | | | ० | १ करार |
| ३७ | श्री डिन्सी मा.वि.डिन्सी | ०-१० | ७२ | ३ | १ | ० | ४ | ० | २ | १ | ३ | ० | ० | १ | १ | |
| ३८ | श्री भगवती आ.वि.साञ्चोरी | ०-३ | १७ | ० | २ | ० | २ | | | | ० | | | | ० | |
| ३९ | श्री वालकल्याण आ.वि.थकतोली | ०-५ | २४ | ३ | ० | ० | ३ | | | | ० | | | | ० | १ करार |
| ४० | श्री सोमनाथ आ.वि.चस्कोट | ०-५ | २२ | २ | ० | ० | २ | | | | ० | | | | ० | |
| ४१ | श्री शारदा आ.वि.धामालेक | ०-५ | ४३ | ३ | ० | ० | ३ | | | | ० | | | | ० | |
| ४२ | श्री दिपज्योति आ.वि.रन्चनी | १-५ | २४ | ० | १ | २ | ३ | | | | ० | | | | ० | |
| ४३ | श्री लटिनाथ आ.वि.खोलिचोरा | ०-८ | ६३ | ३ | २ | ० | ५ | ० | ० | ३ | ३ | | | | ० | १ करार |
| ४४ | श्री शंकरपुर मा.वि. पस्ती | ०-१२ | ४२० | ४ | ० | ० | ४ | ३ | ० | १ | ४ | ७ | ३ | ० | १० | ३ जना अस्थायी |
| **जम्मा** | | | ३५१० | १०६ | १९ | १३ | १३८ | २० | १४ | ३१ | ६५ | १८ | १४ | १४ | ४६ | |

| घ. आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षा २०७९ को नतिजा | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विद्यालयकको नाम | जम्मा विद्यार्थी संख्या | All Subs. Graded | NG 1 Sub. | NG 2 Subs. | NG 3 Subs. | NG 9 Subs. |
| १ | श्री निलपातालेश्वर मा.वि.भर्तोला | २५ | २ | - | ४ | १ | ५ |
| २ | श्री सरस्वती मा.वि.सेलीचामा | २३ | ४ | १ | २ | २ | - |
| ३ | श्री राष्टिय मा.वि.ठीङ | २२ | १ | १ | - | २ | २ |
| ४ | श्री वसन्तपुर आ.वि.न्वालपानी | ९ | - | - | - | १ | - |
| ५ | श्री मालिकार्जुन मा.वि.मड | ५३ | २ | १ | २ | १ | ९ |
| ६ | श्री लटिनाथ आ.वि. बसेडी | १५ | - | - | - | - | ६ |
| ७ | श्री खान मा.वि.ऐरीछाना | १२ | - | २ | २ | २ | १ |
| ८ | श्री हुनैनाथ मा.वि.चन्दनपुर | ८ | - | ५ | २ | - | - |
| ९ | श्री हुनैनाथ आ.वि.बेलुकोट | ५ | २ | २ | - | १ | - |
| १० | श्री बालिचन आ.वि.चडेखान | ९ | १ | १ | २ | १ | - |
| ११ | श्री कृष्ण मा.वि.डाडाकोट | २१ | १ | २ | ४ | ५ | १ |
| १२ | श्री सुनशिखर आ.वि.घोडेढुङ्गा | ४ | - | - | - | - | - |
| १३ | श्री लटिनाथ आ.वि.लिमा | ६ | - | २ | १ | १ | - |
| १४ | श्री गरडा मा.वि.बाँकु | २० | ३ | ७ | ३ | ६ | - |
| १५ | श्री सरस्वती मा.वि.उकु | २३ | - | - | १ | - | १३ |
| १६ | श्री परोपकार आ.वि.चौकी | ४ | | | | | २ |
| १७ | श्री डिन्सी मा.वि.डिन्सी | ४ | - | ३ | १ | - | - |
| १८ | श्री शंकरपुर मा.वि.पस्ती | ४६ | २ | २ | २ | १ | ११ |
| १९ | श्री लटिनाथ आ.वि.खोलीचोरा | ६ | - | - | - | - | ४ |
| **जम्मा** | | **३१५** | **१८** | **२९** | **२६** | **२४** | **५४** |
| Detail:- | | | | | | | |
| १ | गाउँपालिका भरिमा जम्मा परीक्षार्थी संख्या | | | | | | ३१५ जना |
| २ | सम्पूर्ण विषयहरुमा ग्रेड प्राप्त संख्या:- | | | | | | १८ जना |
| ३ | कुनै १ विषयमा मात्र ग्रेड अप्राप्त (NG) परीक्षार्थी संख्या:- | | | | | | २९ जना |
| ४ | कुनै २ विषयमा मात्र ग्रेड अप्राप्त (NG) परीक्षार्थी संख्या:- | | | | | | २६ जना |
| ५ | कुनै ३ विषयमा मात्र ग्रेड अप्राप्त (NG) परीक्षार्थी संख्या:- | | | | | | २४ जना |
| ६ | सम्पूर्ण विषयहरुमा ग्रेड अप्राप्त (NG) परीक्षार्थी संख्या:- | | | | | | ५४ जना |

## ७. शिक्षा, युवा तथा खेलकुद शाखाबाट दरबन्दी मिलान तथा तह समायोजन सम्बन्धी क्रियाकलापहरु

### क. सरोकारवालाहरुसँग बृहत अन्तर्क्रिया कार्यक्रमः

कार्यक्रम सञ्चालन मितिः २०८० बैशाख १४ गते
स्थानः शंकरपुर मा.वि., पस्ती सभाहल
सहभागिताः

मालिकार्जुन गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरु,

निवर्तमान गाउँपालिका अध्यक्ष, वडाअध्यक्षहरु,
राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु,
शिक्षा विकास तथा समन्वय इकाई दार्चुलाका प्रमुख,
सामाजिक विकास कार्यालय दार्चुलाका प्रमुख लगायत शिक्षा क्षेत्रमा काम गर्ने दार्चुला जिल्ला स्थित विभिन्न सरकारी तथा गैह्र सरकारी निकायका प्रमुखहरु,
४४ वटै सामुदायिक विद्यालयहरुका वि.व्य.स.अध्यक्षहरु,
४४ वटै सामुदायिक विद्यालयहरुका प्र.अ. / शिक्षकहरु,
पत्रकार,नागरिक समाज,बुद्धिजिवी लगायतका १७० भन्दा बढी व्यक्तित्वहरु,

**कार्यक्रमको निष्कर्षः**

मालिकार्जुन गाउँपालिका अन्तर्गत रहेका विभिन्न सामुदायिक विद्यालयहरुको विद्यार्थी संख्याका आधारमा विद्यालय/तह/कक्षा समायोजन तथा शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी तथा स्थानान्तरण गर्न मालिकार्जुन गाउँपालिकाका निर्वाचित जनप्रतिनिधि, निवर्तमान गाउँपालिका अध्यक्ष, निवर्तमान सामाजिक विकास समिति संयोजक, निवर्तमान वडा अध्यक्षहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, शिक्षा विकास तथा समन्वय इकाई दार्चुलाका प्रमुख, सामाजिक विकास कार्यालय दार्चुलाका प्रमुख लगायत शिक्षा क्षेत्रमा काम गर्ने दार्चुला जिल्ला स्थित विभिन्न सरकारी तथा गैह्र सरकारी निकायका प्रमुखहरु, ४४ वटै सामुदायिक विद्यालयहरुका वि.व्य.स.अध्यक्षहरु, प्र.अ.हरु/ शिक्षक, नागरिक समाज लगायतका १७० भन्दा बढीको उपस्थितिमा बृहत अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो । उक्त अन्तर्क्रिया कार्यक्रमले शैक्षिक गुणस्तर विकास गर्नका लागि शिक्षक दरबन्दी मिलान तथा विद्यालय तह समायोजन अपरिहार्य रहेको निष्कर्ष निकाल्दै यस कार्यमा आ-आफ्नो पूर्ण सहयोग रहने प्रतिवद्धता समेत व्यक्त गरेका थिए ।

- **गत शैक्षिक शत्रको समिक्षा तथा चालु शैक्षिक शत्रमा दरबन्दी मिलान लगायत विविध विषयक अन्तरक्रिया कार्यक्रम**






 

**बृहत अन्तरक्रिया कार्यक्रमको उपस्थिति विवरणः**











**ख. गाउँकार्यपालिका,पेशागत महासंघ, शिक्षक महासंघ र विभिन्न संघ/संगठनको संयुक्त बैठकः**

मितिः २०८० बैशाख १९ गते

स्थानः मालिकार्जुन गाउँपालिकाको सभाहल

सहभागिताः मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिका सदस्यहरु,
शिक्षक महासंघका प्रतिनिधि २ जना,
नेपाल शिक्षक संघ प्रतिनिधि २ जना,
नेपाल राष्ट्रिय शिक्षक संगठन प्रतिनिधि २ जना,
एकिकृत अखिल शिक्षक संगठन प्रतिनिधि २ जना,
सामुदायिक विद्यालयहरुका प्रतसनिधि १ जना,
शिक्षा, युवा तथा खेलकुद शाखा ।

**बैठकको निष्कर्षः**

- मालिकार्जुन गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरुमा चालु शैक्षिक शत्र २०८० देखि विद्यालयको तह तथा सञ्चालित कक्षा व्यवस्थापन एवं समायोजन गर्ने गाउँ शिक्षा समितिलाई अनुरोध गर्ने,
- मालिकार्जुन गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरुमा प्रचलित शिक्षा ऐन, नियमावली, गाउँ शिक्षा नियमावली, २०७७, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७९ अनुसार शिक्षक दरबन्दी मिलान प्रक्रिया अगाडि बढाउन गाउँ शिक्षा समितिलाई अनुरोध गर्ने,
- शिक्षकहरुको स्वेच्छिक स्थानान्तरणका लागि आवेदन पेश गर्न मिति २०८० बैसाख २१ गते कार्यालय समयसम्म समयावधि (म्याद) थप गर्ने,
- शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७९ अनुसार गठित शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन समितिमा शिक्षक महासंघ तथा गाउँपालिकामा सक्रिय रहेका पेशागत संघ/संगठनवाट देहायअनुसार १/१ जना प्रतिनिधिहरुलाई सदस्यको रुपमा थप गर्न अनुरोध गर्ने,

  **देहायः**

  - शिक्षक श्री लाल सिंह धामी, नेपाल राष्ट्रिय शिक्षक संगठन
  - शिक्षक श्री तिलक सिंह धामी, नेपाल शिक संगठन
  - शिक्षक श्री सुरेन्द्र गिरी, एकिकृत अखिल शिक्षक संगठन
  - शिक्षक श्री नारायण दत्त जोशी, शिक्षक महासंघ
  - शिक्षक श्री हरिदत्त जोशी, पेशागत महासंघ

- मालिकार्जुन गाउँपालिका अन्तर्गत हालसम्म शून्य दरबन्दी रहेका विद्यालयहरुमा प्रशासनिक कामकाज गर्न त्यस्ता विद्यालयहरुमा दरबन्दी भएका विद्यालयहरुबाट स्थानान्तरण गरी १/१ स्थायी दरबन्दी थप गर्ने ।

**गाउँकार्यपालिका,पेशागत महासंघ, शिक्षक महासंघ तथा संघ/संगठनहरुको संयुक्त बैठक फोटोहरु**



**गाउँकार्यपालिका,पेशागत महासंघ, शिक्षक महासंघ तथा संघ/संगठनहरुको संयुक्त बैठक उपस्थिति विवरण**



**ग. दरबन्दी मिलान तथा व्यवस्थापन समितिको बैठकः**

**बैठक संख्याः १**

मितिः २०८० बैशाख २० गते

स्थानः मालिकार्जुन गाउँपालिकाको सभाहल

सहभागिताः दरबन्दी मिलान तथा व्यवस्थापन समिति संयोजक,
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख,
गाउँपालिका शिक्षा समिति सदस्य २ जना,
पेशागत महासंघ प्रतिनिधि १ जना,
शिक्षक महासंघका प्रतिनिधि १ जना,
नेपाल शिक्षक संघ प्रतिनिधि १ जना,
नेपाल राष्ट्रिय शिक्षक संगठन प्रतिनिधि १ जना,
एकिकृत अखिल शिक्षक संगठन प्रतिनिधि १ जना।

**बैठकको निष्कर्षः**

- गाउँपालिकामा अन्तर्गत रहेका मौजुदा स्वीकृत माध्यमिक विद्यालयका दरबन्दीबाट आधारभूत तह (१-८) मा स्वीकृत दरबन्दी भएका तथा माध्यमिक तहसम्म कक्षा सञ्चालन भएका तपसिलका विद्यालयहरुमा प्रशासनिक कामकाज गर्नका लागि माध्यमिक दरबन्दी व्यवस्थापन गर्ने।

  तपसिलः
  - श्री सरस्वती मा.वि., सेलिचामा
  - श्री निलपातालेश्वर मा.वि., भर्तोला
  - श्री गराडा मा.वि., बाँकु
- मालिकार्जुन गाउँपालिका अन्तर्गतका मौजुदा स्वीकृत माध्यमिक तह विद्यालयबाट माध्यमिक तहसम्म कक्षा व्यवस्थापन भएका तर आधारभूत तह (१-८) सम्म स्वीकृत प्राप्त तपसिलका विद्यालयहरुमा माध्यमिक तहका एक/एक जना दरबन्दी सहित शिक्षकको व्यवस्थापन गर्ने।

  तपसिलः
  - श्री शंकरपुर मा.वि., पस्ती बाट अंग्रेजी र सामाजिक विषयका शिक्षक झिकिएका।
  - श्री सरस्वती मा.वि., उकु बाट गणित विषयका शिक्षक झिकिएका।
  - झिकिएका शिक्षकहरु क्रमशः श्री सरस्वती मा.वि. सेलिचामा, श्री निलपातालेश्वर मा.वि. भर्तोला र श्री गरडा मा.वि. बाँकुमा थपिएका।

**<u>शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन समिति बैठकको उपस्थितितथा निर्णयहरु</u>**




**बैठक संख्याः २**

मितिः २०८० बैशाख २१ गते

स्थानः मालिकार्जुन गाउँपालिकाको सभाहल

सहभागिताः दरबन्दी मिलान तथा व्यवस्थापन समिति संयोजक,
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख,
गाउँपालिका शिक्षा समिति सदस्य २ जना,
पेशागत महासंघ प्रतिनिधि १ जना,
शिक्षक महासंघका प्रतिनिधि १ जना,
नेपाल शिक्षक संघ प्रतिनिधि १ जना,
नेपाल राष्ट्रिय शिक्षक संगठन प्रतिनिधि १ जना,
एकिकृत अखिल शिक्षक संगठन प्रतिनिधि १ जना।

**बैठकको निष्कर्षः**

- आधारभूत तह (१-५) स्वीकृत प्राप्त गरी माध्यमिक तह अनुमति पाई सञ्चालनमा रहेका विद्यालयहरुमा निम्नमाध्यमिक तहका स्थायी शिक्षकहरुको दरबन्दी व्यवस्थापन गर्ने।
- मालिकार्जुन गाउँपालिका अन्तर्गतका मौजुदा निम्नमाध्यमिक दरबन्दीबाट माध्यमिक तहसम्म कक्षा सञ्चालन भएका तर प्राथमिक तहसम्म स्वीकृत दरबन्दी प्राप्त तपसिलका विद्यालयहरुमा प्रशासनिक कामकाज गर्न निम्नमाध्यमिक तहको १/१ जना दरबन्दी सहित शिक्षकको व्यवस्थापन गर्ने
  तपसिलः
  - श्री डिन्सी मा.वि., डिन्सी
  - श्री राष्ट्रिय मा.वि., ठिङ
  - श्री हुनैनाथ मा.वि., चन्दनपुर
  - श्री खान मा.वि., ऐरिछाना

<u>शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन समिति बैठकको उपस्थिति तथा निर्णयहरु</u>





**बैठक संख्याः ४**

मितिः २०८० बैशाख २३ गते

स्थानः मालिकार्जुन गाउँपालिकाको सभाहल

सहभागिताः

दरबन्दी मिलान तथा व्यवस्थापन समिति संयोजक,
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख,
गाउँपालिका शिक्षा समिति सदस्य २ जना,
पेशागत महासंघ प्रतिनिधि १ जना,
शिक्षक महासंघका प्रतिनिधि १ जना,
नेपाल शिक्षक संघ प्रतिनिधि १ जना,
नेपाल राष्ट्रिय शिक्षक संगठन प्रतिनिधि १ जना,
एकिकृत अखिल शिक्षक संगठन प्रतिनिधि १ जना ।

**बैठकको निष्कर्षः**

- मालिकार्जुन गाउँपालिका भित्र रहेका २५ वटै आधारभूत विद्यालय (१-५) का शिक्षकहरुको दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा विशेषगरी महिला, दलित, अपाङ्ग, दिर्घरोगीहरुलाई सकभर अपायक नपर्ने गरी गाउँपालिकामा रहेका सम्पूर्ण दरबन्दीहरुलाई नीतिगत रुपमा मिलान तथा पुर्नवितरण गर्ने ।

<u>**शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन समिति बैठकको उपस्थिति तथा निर्णयहरु**</u>



**बैठक संख्याः ५**

मितिः २०८० बैशाख २४ गते

स्थानः मालिकार्जुन गाउँपालिकाको सभाहल

सहभागिताः

दरबन्दी मिलान तथा व्यवस्थापन समिति संयोजक,
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख,

गाउँपालिका शिक्षा समिति सदस्य २ जना,
पेशागत महासंघ प्रतिनिधि १ जना,
शिक्षक महासंघका प्रतिनिधि १ जना,
नेपाल शिक्षक संघ प्रतिनिधि १ जना,
नेपाल राष्ट्रिय शिक्षक संगठन प्रतिनिधि १ जना,
एकिकृत अखिल शिक्षक संगठन प्रतिनिधि १ जना ।

**बैठकको निष्कर्षः**

- ❖ गाउँपालिका भित्र रहेका सम्पूर्ण विद्यालयहरुमा दरबन्दी मिलान तथा पुर्नवितरण र विद्यालय तथा कक्षा समायोजन गर्न विद्यार्थी संख्या, विद्यालय रहेको भौगोलिक अवस्था र समायोजन हुने विद्यालयसम्मको दुरीलाई मध्यनजर गरी विभिन्न २२ वटा विद्यालय/कक्षा समायोजन गर्ने ।
- ❖ बालविकास सहित कक्षा सञ्चालित भएका विद्यालयहरु समायोजन हुँदा बालविकास सोही विद्यालयमा यथावत रही अन्य कक्षाहरु नजिकको समायोजन भएको विद्यालयमा समायोजित हुने र बालविकास केन्द्र नभएका विद्यालयहरु समायोजन हुँदा उक्त विद्यालयमा भएको नगद तथा जिन्सी समायोजन भएकै विद्यालयलाई हस्तान्तरण गर्ने ।
- ❖ बालविकास केन्द्रमात्र रहने विद्यालयको हकमा सो विद्यालयको कार्यालय सहयोगी सोही विद्यालयमा यथावत रहने र बालविकास केन्द्र समेत नरहने विद्यालयको कार्यालय सहयोगी उक्त विद्यालय समायोजन भएकै विद्यालयमा पदस्थापन गर्ने ।
- ❖ हाल सम्म बालविकास केन्द्र नभएका विद्यालयहरुमा बालविकास केन्द्र स्थापनाका लागि अनुरोध गर्ने ।
- ❖ माध्यमिक र आधारभूत तहमा मौजुदा दरबन्दी मिलान पश्चात नपुग हुन जाने विद्यालयहरुमा विषयगत शिक्षक दरबन्दी सृर्जना गरी वितरण गर्न अनुरोध गर्ने ।

<u>शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन समिति बैठकको उपस्थिति तथा निर्णयहरु</u>



**बैठक संख्याः ६**

मितिः २०८० बैशाख २५ गते
स्थानः मालिकार्जुन गाउँपालिकाको सभाहल
सहभागिताः
दरबन्दी मिलान तथा व्यवस्थापन समिति संयोजक,
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख,
गाउँपालिका शिक्षा समिति सदस्य २ जना,
पेशागत महासंघ प्रतिनिधि १ जना,
शिक्षक महासंघका प्रतिनिधि १ जना,
नेपाल शिक्षक संघ प्रतिनिधि १ जना,
नेपाल राष्ट्रिय शिक्षक संगठन प्रतिनिधि १ जना,
एकिकृत अखिल शिक्षक संगठन प्रतिनिधि १ जना।

**बैठकको निष्कर्षः**

- मालिकार्जुन गाउँपालिका अन्तर्गत माध्यमिक तह तथा आधारभूत तहमा रहेका स्वीकृत स्थायी दरबन्दी तथा राहत अनुदानमा कार्यरत शिक्षकहरुको दरबन्दी मिलान पुनर्वितरण मालिकार्जुन गाउँपालिका, गाउँकार्यपालिकाको निर्णय, गाउँ शिक्षा समितिको निर्णय, गाउँ शिक्षा ऐन, २०७९, गाउँ शिक्षा नियमावली, २०७७, शिक्षा तथा मानवस्रोत विकास केन्द्रको दरबन्दी मिलान सम्बन्धी कार्यविधि-२०७६, मालसकार्जुन गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७९, विभागीय निर्देशन बमोजिम विशेष अवस्था (अपाङ्ग, दलित, महिला, दिर्घरोगी, अनिवार्य अवकाश जान बढीमा एक वर्ष बाँकी रहेका) बाहेक सकभर घर पायक पर्ने गरी तपसिल बमोजिम स्थानान्तरण तथा पदस्थापन गर्ने मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिका तथा शिक्षा समितिलाई सिफारिस साथ अन्तिम प्रतिवेदन पेश गर्ने।

<u>शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन समिति बैठकको उपस्थिति तथा निर्णयहरु</u>





**विद्यालय/तह/कक्षा समायोजन, पुनर्वितरण सहित दरबन्दी मिलान तथा पदस्थापना गरिएका शिक्षकहरुको विवरण**

| क्र.सं. | विद्यालयहरु | विद्यालय/तह/ कक्षा समायोजन | शिक्षकहरुको नाम | हाल कार्यरत विद्यालयको नाम | तह/ श्रेणी | प्रकार | दरबन्दी मिलानमा पदस्थापना गरिएको विद्यालय | विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री निलपातालेश्वर मावि भर्तोला | यथावत | कुलमणी पन्त | श्री सरस्वती मावि उकु | मावि/तृतीय | स्थायी | श्री निलपातालेश्वर मावि भर्तोला, मालिकार्जुन-१ | स्थानान्तरण तथा पदस्थापन | विद्यालय स्वीकृत |
| | | | कृष्ण राज जोशी | श्री कृष्ण मावि डांडाकोट | मावि/तृतीय | राहत | श्री निलपातालेश्वर मावि भर्तोला, मालिकार्जुन-१ | राहत अनुदान कट्टा गरी मिलान | |
| | | | मनु नाथ | श्री सरस्वती मावि उकु | निमा/तृतीय | स्थायी | श्री निलपातालेश्वर मावि भर्तोला, मालिकार्जुन-१ | दरबन्दी कट्टा गरी मिलान | |
| | | | पदम सिंह बोहरा | श्री निलपातालेश्वर मावि भर्तोला | निमावि/तृतीय | राहत | श्री निलपातालेश्वर मावि भर्तोला, मालिकार्जुन-१ | राहत अनुदान र शिक्षक यथावत | |
| | | | जनक बहादुर बोहरा | श्री डुङरी आवि डुङरी | प्रावि/तृतीय | स्थायी | श्री निलपातालेश्वर मावि भर्तोला, मालिकार्जुन-१ | स्थानान्तरण तथा पदस्थापन | |
| | | | करन बहादुर चन्द | श्री डिन्सी मावि डिन्सी | प्रावि/तृतीय | स्थायी | श्री निलपातालेश्वर मावि भर्तोला, मालिकार्जुन-१ | स्थानान्तरण तथा पदस्थापन | |
| | | | मदन राज जोशी | श्री खान मावि ऐरिछाना | प्रावि/द्वितीय | स्थायी | श्री निलपातालेश्वर मावि भर्तोला, मालिकार्जुन-१ | स्थानान्तरण तथा पदस्थापन | |
| | | | लाल बहादुर चन्द | श्री डिन्सी मावि डिन्सी | प्रावि/तृतीय | स्थायी | श्री निलपातालेश्वर मावि भर्तोला, मालिकार्जुन-१ | स्थानान्तरण तथा पदस्थापन | |
| २ | श्री डुङरी आवि डुङरी | ०- ३ कक्षा कायम | गोपाल सिंह धामी | श्री दुर्गेश्वरी आवि रेबली | प्रावि/द्वितीय | स्थायी | श्री डुङरी आवि डुङरी मालिकार्जुन-१ | स्थानान्तरण तथा पदस्थापन | ४ र ५ कक्षा मावि भर्तोलामा समायोजन |
| | | | बसन्ती धामी | श्री डुङरी आवि डुङरी | प्रावि/तृतीय | करार | श्री डुङरी आवि डुङरी मालिकार्जुन-१ | दरबन्दी तथा शिक्षक यथावत | |
| ३ | श्री दुर्गेश्वरी आवि रेबली | ०- ३ कक्षा कायम | हरि दत्त जोशी | श्री बालकल्याण आवि थकतोली | प्रावि/द्वितीय | स्थायी | श्री दुर्गेश्वरी आवि रेबली मालिकार्जुन-१ | दरबन्दी कट्टा गरी मिलान | कक्षा ४ र ५ मावि सेलिचामामा समायोजन |
| | | | शिवराज जोशी | श्री दुर्गेश्वरी आवि रेबली | प्रावि/तृतीय | स्थायी | श्री दुर्गेश्वरी आवि रेबली मालिकार्जुन-१ | दरबन्दी र शिक्षक यथावत | |
| ४ | श्री सरस्वती मावि सेलिचामा | यथावत | जयराज जोशी | श्री शंकरपुर मावि पस्ती | मावि/तृतीय | स्थायी | श्री सरस्वती मावि सेलिचामा मालिकार्जुन-२ | दरबन्दी कट्टा गरी मिलान | विद्यालय स्वीकृत |
| | | | राम प्रसाद पन्त | श्री सरस्वती मावि | निमावि/प्रथम | स्थायी | श्री सरस्वती मावि सेलिचामा | दरबन्दी यथावत | शिक्षा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सेलिचामा | | | मालिकार्जुन-२ | | शाखामा काजमा |
| | | | दान सिंह धामी | श्री सरस्वती मावि सेलिचामा | निमावि/तृतीय | स्थायी | श्री सरस्वती मावि सेलिचामा मालिकार्जुन-२ | दरबन्दी तथा शिक्षक यथावत | |
| | | | गोविन्दी धामी | श्री सरस्वती मावि सेलिचामा | निमावि/तृतीय | राहत | श्री सरस्वती मावि सेलिचामा मालिकार्जुन-२ | राहत अनुदान र शिक्षक यथावत | |
| | | | गुणानन्द जोशी | श्री निलपातालेश्वर मावि भर्तोला | निमावि/तृतीय | राहत | श्री सरस्वती मावि सेलिचामा मालिकार्जुन-२ | राहत अनुदान कट्टा गरी पदस्थापन | |
| | | | गणेश सिंह धामी | श्री दुर्गेश्वरी आवि रेबली | प्रावि/द्वितीय | स्थायी | श्री सरस्वती मावि सेलिचामा मालिकार्जुन-२ | दरबन्दी कट्टा गरी मिलान | |
| | | | दान सिंह बोहरा | श्री निलपातालेश्वर मावि भर्तोला | प्रावि/तृतीय | स्थायी | श्री सरस्वती मावि सेलिचामा मालिकार्जुन-२ | स्थानान्तरण तथा पदस्थापन | |
| | | | नरेश कुमार शाही | श्री वानेश्वर आवि गाडखोला | प्रावि/तृतीय | स्थायी | श्री सरस्वती मावि सेलिचामा मालिकार्जुन-२ | दरबन्दी कट्टा गरी मिलान | |
| | | | जगत बहादुर बुढा | श्री वानेश्वर आवि गाडखोला | प्रावि/तृतीय | स्थायी | श्री सरस्वती मावि सेलिचामा मालिकार्जुन-२ | स्थानान्तरण तथा पदस्थापन | |
